सत्यमेव जयते

# भारतीय राजदूतावास

भारतीय राजदूतावास काठमाडौंले नेपालमा अध्ययन गरिरहेका नेपाली विद्यार्थीहरुवाट महात्मा गान्धी तथा स्वर्ण जयन्ती छात्रवृत्ति योजनाका लागि अनलाइन आवेदन आव्हान गर्दछ ।

अनलाइन आवेदन **www.goischolarship.com.np** मा पठाउन सकिन्छ । आवेदनका लागि अन्तिम म्याद **२०७७ फागुन ३** सम्म रहनेछ ।

| **महात्मा गान्धी छात्रवृत्ति योजना २०२०-२१** | **स्वर्ण जयन्ती छात्रवृत्ति योजना २०२०-२१** |
|---|---|
| **१. योग्यता (Eligibility)**<br>• आवेदक नेपालको कुनै मान्यता प्राप्त विद्यालय वा कलेजमा कक्षा ११ मा अध्ययन गरिरहेको नियमित विद्यार्थी हुनुपर्नेछ । प्रधानाध्यापकद्वारा प्रमाणित कक्षा ११ मा अध्ययन गरिरहेको प्रमाण अपलोड गर्नुपर्नेछ ।<br>• आवेदकले High School/SEE/Class 10 मा कम्तिमा ६० प्रतिशत aggregate अंक प्राप्त गरेको हुनुपर्नेछ साथै सो तहको लब्धाङ्क-पत्र पनि अपलोड गर्नुपर्नेछ ।<br>• आवेदक नेपाली नागरिक हुनुपर्नेछ । आवेदकले आफ्नो वा आफ्नो नभएको खण्डमा अभिभावकको नागरिकताको प्रमाणपत्र अपलोड गर्नुपर्नेछ ।<br>• अपांगता भएका उम्मेद्वारले प्रमुख जिल्ला अधिकारी वा स्थानीय जिल्ला अधिकारी वा नगरपालिका प्रमुखबाट प्रमाणित भएको प्रमाण पेश गर्नुपर्नेछ ।<br>• उम्मेद्वारको पारिवारिक वार्षिक आय नेरु.२,००,०००/- भन्दा कम हुनुपर्नेछ । प्रमुख जिल्ला अधिकारी वा स्थानीय जिल्ला अधिकारी वा नगरपालिका प्रमुखले प्रदान गरेको वार्षिक आयको प्रमाण अपलोड गर्नुपर्नेछ ।<br>• नोटः यस भन्दा अघि अन्य कुनै स्रोतबाट छात्रवृत्ति लिइरहेकाहरु यस योजनाका लागि अयोग्य मानिनेछन् ।<br><br>**२. छात्रवृत्ति रकम तथा अवधि**<br>छनौट भएका विद्यार्थीहरुले प्रति महिना नेरु. २०००/- को दरले छात्रवृत्ति पाउनेछन् । | **१. योग्यता (Eligibility)**<br>• आवेदक नेपालको कुनै मान्यता प्राप्त शैक्षिक संस्थामा स्नातक तहको प्रथम वर्ष वा प्रथम सेमेस्टरमा भर्ना भएको नियमित विद्यार्थी हुनुपर्नेछ । प्रधानाध्यापकद्वारा प्रमाणित स्नातक तहमा अध्ययन गरेको प्रमाण अपलोड गर्नुपर्नेछ ।<br>• आवेदकले +2/Class 12 मा ७० प्रतिशत aggregate अंक प्राप्त गरेको हुनुपर्नेछ । सो तहको लब्धाङ्क-पत्र पनि अपलोड गर्नुपर्नेछ ।<br>• आवेदक नेपाली नागरिक हुनुपर्नेछ । आवेदकले आफ्नो वा आफ्नो नभएको खण्डमा अभिभावकको नागरिकताको प्रमाणपत्र अपलोड गर्नुपर्नेछ ।<br>• अपांगता भएका उम्मेद्वारले प्रमुख जिल्ला अधिकारी वा स्थानीय जिल्ला अधिकारी वा नगरपालिका प्रमुखबाट प्रमाणित भएको प्रमाण पेश गर्नुपर्नेछ ।<br>• उम्मेद्वारको पारिवारिक वार्षिक आय नेरु.२,००,०००/- भन्दा कम हुनुपर्नेछ । प्रमुख जिल्ला अधिकारी वा स्थानीय जिल्ला अधिकारी वा नगरपालिका प्रमुखले प्रदान गरेको वार्षिक आयको प्रमाण अपलोड गर्नुपर्नेछ ।<br>• **उमेर हदः** 1 July 2021 सम्म आवेदकको उमेर १७ देखि २२ को बीचमा हुनुपर्नेछ ।<br>• **नोटः**(i) यस भन्दा अघि अन्य कुनै स्रोतबाट छात्रवृत्ति लिइरहेकाहरु यस योजनाका लागि अयोग्य मानिनेछन् । (ii) कृपया कक्षा ११ को अंक समावेश नगर्नुहोला । (iii) डिप्लोमा कोर्षको लागि छात्रवृत्ति प्रदान गरिने छैन । |

छात्रवृत्ति पाएको विद्यार्थी कक्षा ११ मा उत्तीण भएको खण्डमा उक्त छात्रवृत्ति दोस्रो वर्ष पनि कायम रहनेछ । कक्षा ११ को नतिजा प्रकाशित भएपछि उत्तीण भएको विद्यार्थीले कक्षा ११ उत्तीण लब्धांक पत्रको प्रतिलिपि र कक्षा १२ मा अध्ययनरत प्रमाणपत्रमा प्रधानाध्यापकद्वारा हस्ताक्षरित र शैक्षिक संस्थाको छाप लगाई मंसिर महिनाको दोस्रो सातासम्म काठमाडौंस्थित भारतीय दूतावासको शिक्षा विभागमा वा वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासमा पेश गर्नुपर्नेछ वा शिक्षा विभागको ईमेल: attacheedu.kathmandu@mea.gov.in मा पनि ती दस्तावेजहरु पठाउन सकिनेछ। अन्यथा छात्रवृत्ति योजना समाप्त हुन सक्नेछ ।

छात्रवृत्ति पाएको विद्यार्थी कक्षा ११ मा अनुत्तीर्ण भएमा वा अध्ययन अधुरो राखेमा वा अन्य कुनै जायज कारण भए छात्रवृत्ति रोक्का गरिनेछ ।

**२. छात्रवृत्ति रकम तथा अवधि**

| कोर्ष | छात्रवृत्ति रकम (नेरु प्रति महिना) | छात्रवृत्ति अवधि (वर्ष) |
|---|---|---|
| MBBS/BDS | 4000 | 5 |
| Engineering/BAMS | 4000 | 4 |
| Others (BA,BCom,BSc,etc.) | 3000 | 3 |

छात्रवृत्ति पाएका विद्यार्थीले पहिलो तथा त्यस पछिका वर्षहरुमा लगातार उत्तीर्ण गरेमा उक्त छात्रवृत्ति दोस्रो तथा त्यस पछिका वर्षहरुमा पनि लागु हुनेछ । विद्यार्थीले अन्तिम वर्ष बाहेकका उत्तीर्ण लब्धांक पत्रको प्रतिलिपि र अध्ययनरत वर्षको प्रमाणपत्र शैक्षिक संस्थाको प्रमुखद्वारा हस्ताक्षरित र सो संस्थाको छाप लगाई हरेक मंसिर महिनाभित्र काठमाडौंस्थित भारतीय दूतावासको शिक्षा विभागमा वा वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासमा पेश गर्नुपर्नेछ वा शिक्षा विभागको ईमेल: attacheedu.kathmandu@mea.gov.in मा पनि ती दस्तावेजहरु पठाउन सकिनेछ । अन्यथा छात्रवृत्ति योजना समाप्त हुनसक्नेछ ।

छात्रवृत्ति पाएको विद्यार्थीले लगातार दुई सेमेस्टरमा अनुत्तीर्ण भएमा वा अध्ययन अधुरो राखेमा वा अन्य कुनै जायज कारण भए छात्रवृत्ति रोक्का गरिनेछ ।

**ध्यान दिनुपर्ने कुराहरुः**

१. उम्मेद्वारहरुले सिधै काठमाडौंस्थित दूतावासको शिक्षा विभाग वा वीरगंजस्थित भारतीय महावाणिज्यदूत कार्यालयमा आफै सम्पर्क गर्न सक्नेछन् ।

२. उम्मेद्वारहरुले स्पष्टसंग आफ्नो ठेगाना, सम्पर्क नम्बर, इमेल ठेगाना आदि अनलाइन आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।

३.फाराममा भरिने गलत तथ्यांक वा जानकारी तथा मागिए बमोजिमको आवश्यक कागजात नभएको अवस्थामा तत्काल अस्वीकृत तथा आवेदन / उम्मेद्वारी / छात्रवृत्ति रद्ध हुनसक्नेछ र त्यस पछिको दाबी मान्य हुने छैन ।

४. भरी पठाइएका फाराम फेरी सच्याउन नमिल्ने भएकोले अनलाइन फाराम भर्नु भन्दा अघि विद्यार्थी वा अभिभावकले दिइएको जानकारी वा निर्देशन ध्यान दिएर पढ्नुहोला । **उम्मेद्वारले इमेल ठेगाना तथा पासवर्ड सुरक्षित राख्नु पर्नेछ** ।

५. कुनै पनि आवेदन स्वीकार तथा रद्ध गर्ने सर्वाधिकार भारतीय राजदूतावासमा सुरक्षित रहनेछ ।